तपाईंको साझा

राष्ट्रिय दैनिक

# इजलास

IJALAS DAILY



सेकाउन कि डढाउन ... ।।पृ...२।।

Ganapati Bakers

वर्ष ४ ।। अंक १६० ।। पृष्ठ ४ ।। २०७७ चैत १३ गते शुक्रवार ।। Mar 26 2021 Friday ।। Web : www.ijalas.com ।।मुल्य रु. ५ ।।

## जग्गाको लोभले अतिक्रमण गर्नेलाई जग्गा नदिने



**इजलास** /झापा

सरकारले कुनै व्यक्ति, परिवार वा समूहले तत्काल कुनै स्थानमा वन जंगल फडानी गरी वा अतिक्रमण गरी बसोबास गरेको पाइए भूमि सम्बन्धी समस्या समाधान आयोगमार्फत जग्गा उपलब्ध नगराउने स्पष्ट पारेको छ। भूमि, व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले एक विज्ञप्ती जारी गर्दै यस्तो कार्य गर्ने गराउनेलाई प्रचलित कानून बमोजिम कारवाही गर्ने चेतावनी दिएको हो।

विगत केही दिन यता विभिन्न सञ्चार माध्यममा भूमिहीन सुकुम्बासीको नाममा जग्गा पाउने लोभले वन जंगल फडानी भएको विषयमा प्रकाशित समाचारप्रति मन्त्रालयको ध्यानाकर्षण भएको मन्त्रालयका सूचना अधिकारी समेत रहेका उपसचिव टोलराज उपाध्यायकले विज्ञप्तीमार्फत जानकारी गराएका छन्।

'कुनै जग्गामा कुनै व्यक्ति, परिवार वा समूहको बसोबास कहिले देखि भएको हो भन्ने विषय एकीन गर्न स्थलगत सर्जमीन गरिने, स्थानीय तहको सिफारिस र कार्यपालिकाको निर्णय आवश्यक पर्ने र सर्जमीनबाट भएको सिफरिसको सत्यापन भूमि सम्बन्धी (अठारौ संशोधन) नियम, २०७७ को नियम ४१ (ज) चार बमोजिम विगतमा लिइएका हवाई फोटो वा भूउपग्रह तस्बीरको माध्यमबाट समेत गरिने छ।' मन्त्रालयको विज्ञप्तीमा भनिएको छ। त्यसैले कुनै पनि व्यक्ति, परिवार वा समूहले जग्गा प्राप्त गर्ने प्रयोजन कै लागि अहिले तत्काल वन जंगल पडानी गर्ने, सरकारी सार्वजनिक जग्गा अतिक्रमण गर्ने जस्ता गैर कानूनी क्रियाकलाप नगर्न मन्त्रालयले आग्रह गरेको छ। यस्तो कार्यलाई कसैले पनि सहयोग वा प्रोत्साहन नगर्न र

बाँकी अन्तिम पृष्ठमा..

## कनकाईमा कोरोना संक्रमित महिलाको मृत्यू

विर्तामोड। झापामा कोराना संक्रमित एक महिलाको मृत्यु भएको छ। झापा जिल्ला स्वास्थ्य कार्यालयका सम्पर्क व्यक्ति जीवन चौलागाईका अनुसार कन्काई नगरपालिका-२ की ३९ वर्षीया महिलाको बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा उपचारका क्रममा बिहीबार दिउँसो मृत्यु भएको हो। कोभिड-१९ पुष्टि भएपछि ती महिला चार दिनअघि अस्पताल भर्ना गरिएको थियो। उनी केही दिनअघि भारतबाट फर्किएकी थिइन्।

प्रदेश १ मा कोभिड-१९ बाट मृत्यु भएको यो पहिलो केस हो। तीन महिलासहित विहीवार चार नयाँ संक्रमित फेला परेको सामाजिक विकास मन्त्रालयले जनाएको छ। संक्रमितहरू विराटनगर महानगरपालिका दुई, धरान उपमहानगरपालिका एक र अर्का एकजना प्रदेशबाहिरका छन्। झापामा अझै ११ जना कोरोनाका सक्रिय संक्रमित रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ। ४ हजार ६४५ जनामा संक्रमण पुष्टि भएकोमा ४ हजार ४८७ जना निको भएर घर फर्किएका छन्। जिल्लामा ३७ हजार ७२४ जनाको स्वाब संकलन गरिएको जिल्ला स्वास्थ्य कार्यालयका फोकल पर्सन जीवन चौलागाईले बताए। उनले अहिलेसम्म ५२ हजार ७०७ जनालाई कोरोनाविरुद्धको खोप दिइएको जानकारी दिए।

## दुर्गाप्रसादलाई नागरिकता

**इजलास** /बिर्तामोड



भारतीय जेलबाट चार दशकपछि मुक्त भएका दुर्गाप्रसाद तिम्सिनाले नेपाली नागरिकता पाएका छन्। उनको नागरिकता नम्बर ०३-०१-७७ -०३२५१ हो।

उनले विहीबार जिल्ला प्रशासन कार्यालय इलामबाट नागरिकता लिएका हुन्। नागरिकताका लागि प्रशासन कार्यालय पुगेको २० मिनेटमा उनलाई नागरिकता प्रदान गरिएको थियो।

इलामका सहायक सिडिओ झरेन्द्र प्रसाद चापागाई र प्रमुख प्रशासकीय अधिकृत देवीचरण फुयाँलले नागरिकता प्रदान गरेका छन्। दुर्गाप्रसादको परिवारले नागरिकताका लागि चासो देखाएपछि जिल्ला प्रशासन कार्यालयले पनि सहजीकरण गरिदिएको थियो। 'हामीलाई माइ नगरपालिका र त्यहाँका जनप्रतिनिधिले पहल गरेपछि हामीले पनि दुर्गाप्रसादलाई नागरिकता दिएका हौं।' सहायक सिडिओ चापागाईले भने।

तिम्सिनालाई सहायक प्रमुख जिल्ला अधिकारी चापागाईंले खादा ओडाएर सम्मान गरेका थिए। तिम्सिनाको इलामको एकातप्पा गाविसको दोकानडाँडामा २०१७ साल साउन २० गते जन्म भएको हो।

## अनलाइनमार्फत औषधि बिक्री नगर्न निर्देशन

**इजलास** /बिर्तामोड



अनलाइन तथा सामाजिक सञ्जालमार्फत भइरहेको औषधि बिक्री वितरण तत्काल बन्द गर्न सरकारले निर्देशन दिएको छ।

अनलाइन फार्मेसीका नाममा विभिन्न छुट सुविधा उल्लेख गरी गैरकानूनी रूपमा औषधी बिक्री वितरण भएको भन्दै औषधि व्यवस्था विभागले यस्तो निर्देशन दिएको हो।

औषधि ऐन २०३५, दफा १९ बमोजिम औषधीको भ्रामक प्रचार गर्न नहुने कानूनी व्यवस्था रहेकाले कानुन विपरीत अनलाइनबाट भइरहेको औषधी बिक्री वितरण बन्द गर्न विभागले सूचना जारी गरेको छ। निर्देशन अटेरी गर्नेमाथि कारबाही हुने चेतावनीसमेत विभागले दिएको छ।

विभागमा दर्ता नरहेका अनलाइन फार्मेसीमार्फत् भ्रमात्मक प्रचारप्रसार भएपनि औषधिहरूको सुरक्षित, गुणस्तरीयता तथा प्रभावकारिता सम्बन्धमा सम्बन्धित उपभोक्ता आफैं जिम्मेवार हुनुपर्ने पनि विभागको भनइ छ।

सामाजिक सञ्जाल वा पत्रपत्रिकाहरूमा औषधिहरूको विज्ञापन गर्नुपूर्व औषधि ऐनको दफा १९ बमोजिम विभागबाट पूर्व अनुमति लिनुपर्ने स्पष्ट कानुनी व्यवस्था रहेको समेत विभागले स्पष्ट पारेको छ।

## विद्यालयहरुमा सावधानी अपनाउन आग्रह



झापा। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कोरोना भाइरसको संक्रमण फेरि बढ्न सक्ने भन्दै विद्यालयहरुलाई सावधानी अपनाउन आग्रह गरेको छ।

मन्त्रालयका प्रवक्ता सहसचिव दीपक शर्माले सूचना जारी गरी शिक्षण संस्थामा मास्क, सेनिटाइजरको प्रयोग गर्ने, साबुन पानीले हात धुने, ज्वरो नाप्ने, संक्रमणको लक्षण देखिएमा स्वास्थ्य संस्थामा लैजाने व्यवस्था मिलाउन आग्रह गरेका छन्।

त्यस्तै विद्यालयमा भिडभाड नहुने गरी पठनपाठन सञ्चालन गर्न, वार्षिक उत्सव, सभा, समारोह नगर्न पनि मन्त्रालयले आग्रह गरेको छ।

सूचनामा सबै प्रकारका शिक्षण संस्थाहरुले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तय गरेको जनस्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्ड र विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा, २०७७ को पूर्ण अनुशरण गर्न पनि आग्रह गरिएको छ।

## लकडाउन गर्ने सोच छैन : अर्थमन्त्री



काठमाडौं। अर्थमन्त्री विष्णुप्रसाद पौडेलले कोरोना भाइरस (कोभिड-१९) को दोस्रो लहरको जोखिम बढेपनि सरकार लकडाउन गर्ने वा सीमा नाका बन्द गर्ने सोचमा नभएको बताएका छन्।

बिहीबार न्यूज एजेन्सी नेपाललाई दिएको अन्तर्वार्तामा अर्थमन्त्री पौडेलले यस्तो बताएका हुन्। यद्यपि स्वास्थ्य सुरक्षाका मापदण्डलाई भने कडाईका साथ पालना गराउने उनको भनाइ छ। लकडाउनको चर्चा बजारमा चलिरहेको प्रसंगमा उनले अहिले त्यस्तो गतिविधि उपयुक्त नहुने बताए। सरकार बजेटको तयारीमा जुटेको जानकारी गराउँदै उनले आगामी बजेट कोभिड-१९ बाट प्रभावित अर्थतन्त्रको पुनरुत्थान, रोजगारी सिर्जनामा केन्द्रित हुने समेत बताए। कोरोना खोप खरीद गर्न रकमको अभाव नहुने उनको भनाइ छ।




अब बिना अप्रेसन सफल उपचार गर्नुपरेमा

स्पार्क पूर्वाञ्चल अस्पताल

स्वास्थ्य जाँच तथा उपचार हुने समस्याहरु

- प्यारालाइसिस जस्तै : मुख बाङिएको, शरिरको एक भाग वा दुबै भाग नचल्ने
- ढाड, कम्मर, गर्दन दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिएको र नशाा च्यापिएको
- बाथ, आर्थराइटिस, घुँडा जोर्नीहरु दुख्ने, युरिक एसिड बढेको
- मोटोपन, कोलेस्ट्रोल बढेको तथा उच्च रक्तचाप
- ग्यास्टाइटिस, कब्जियत, अपच, अल्सर र पाएल्स
- पिनास, एलर्जी, दम, पुरानो खोकी
- टाउको दुख्ने, माइग्रेन, मानसिक तनाब, डिप्रेसन, अनिद्रा
- सर्जरी पश्चात् चाहिने फिजियोथेरापी र रिहवाबिलिटेशन
- स्पोर्ट् इन्जुरी रिहवाबिलिटेशन



हाम्रा सेवाहरु

- काठमाडौँका विशेषज्ञ डाक्टरहरुद्धारा स्वास्थ्य परिक्षण तथा परामर्श
- अन्तरंग तथा बहिरंग सेवा, प्राकृतिक चिकित्सा
- फिजियो थेरापी (अत्याधिक इलेक्ट्रोथेरापीका संयन्त्रसहित रिह्याबिलिटेशन सेवा)
- लेजर थेरापी, अकुपंचर/अकुप्रेशर
- माबो तथा म्यानिपुलेसन थेरापी, मसाज थेरापी /स्टिम बाथ
- पञ्चकर्म, शिरोधारा तथा आयुर्वेद चिकित्सा
- योग, षटकर्म, एरोविक्स तथा स्ट्रेस म्यानेजमेन्ट
- जीवनशैली चिकित्सा, स्वास्थ्य शिविर सञ्चालन

सम्पर्क : कनकाईरोड, दूरसञ्चार पूर्व,
बिर्तामोड, झापा फोन नं.: ०२३-५४०१२३, ९८४९०९२५२५

# कृषिमा फड्को मार्दै कनकाई




**इजलास** /कनकाई

झापाको कनकाई नगरपालिकाले युवालाई स्वदेशमै आत्मनिर्भर बनाउने उद्देश्यले कृषि क्षेत्रको दिगो विकास अभियान थालिएको छ। 'सुखी नेपाली, समृद्ध नेपाल'को अभियान कृषिबाट मात्र सम्भव हुने भन्दै नगरपालिकाले कृषि क्षेत्रको दिगो विकास अभियान थालिएको हो।

यसका लागि हरेक वडामा कृषि व्यवसाय स्रोत केन्द्र बनाउने कार्यलाई अगाडि बढाएको नगरपालिकाको प्रमुख राजेन्द्रकुमार पोखरेलले बताउनुभयो। नगरपालिकाले आलु, मकै, गहुँ, धान, कोदो, फापर, फलफूल तथा तरकारी, माछा, मौरी तथा पशुपक्षीपालनलगायत फरक फरक कृषि व्यवसायको स्रोत केन्द्र बनाउने भएको हो।

यहाँका युवा स्रोतसाधनको अभावका कारण आफ्नो खेतीयोग्य जमिनलाई बाँझो राखेर खाडी मुलुकमा आफ्नो श्रम बेच्न बाध्य भएको यथार्थलाई मध्यनजर गर्दै युवा लक्षित कृषि कार्यक्रम सञ्चालन गरेको नगरपालिकाका प्रमुख पोखरेलले बताउनुभयो।

स्वदेशमै आत्मनिर्भर हुनसक्ने एक मात्र विकल्प कृषि क्षेत्र नै हो, उहाँले भन्नुभयो, कृषि क्षेत्रको विकास एवं विस्तारका लागि कृषकसँगको साझेदारी कार्यक्रमलाई निरन्तरता दिएको छ। नगरका सबै वडामा खेतीयोग्य जमिनको माटो परीक्षण गरी अघिल्ला वर्षदेखि नै कृषि चुन, कृषिजन्य विभिन्न किसिमका औजार, बीउबिजनसमेत कनकाईका कृषक समूहलाई वितरण गर्दै आएको बताइएको छ।

त्यस्तै पशु स्वास्थ्य बीमा, प्राङ्गारिक कृषि उत्पादनमा जोड, उत्पादन भएका कृषिजन्य सामाग्रीको बजारीकरणका लागि समेत कार्यक्रम अघि बढाएको नगरप्रमुख पोखरेलले प्रष्ट पार्नुभयो। बजारमा बिक्री हुन नसकेका कृषकका उत्पादनलाई उचित मूल्य निर्धारण गरेर नगरपालिकाले नै खरिद गर्ने गरी कार्ययोजनासमेत निर्माण गरेको बताइएको छ।

नगरपालिकाले भर्खरै कनकाई-१ मा ६० टनसम्म सामग्री अटाउने शीतघर (कोल्डस्टोर) सञ्चालनमा ल्याएको छ। यस किसिमका शीतघरलाई क्रमिकरूपले अन्य वडामा समेत सञ्चालनमा ल्याउने योजना रहेको नगरप्रमुख पोखरेलले बताउनुभयो।

त्यस्तै बेरोजगार युवालाई स्वरोजगार बनाउने काममा बिनाधितो ऋण लगानी गरी बैंक तथा वित्तीय संस्थासँगको सहकार्यका लागि नगरपालिकाले रु एक करोड बजेट विनियोजन गरिसकेको उहाँले जानकारी दिनुभयो।

कृषकलाई ५० प्रतिशत अनुदानमा उपलब्ध गराएको विद्युतीय स्प्रे ट्याङ्की वितरणको कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख पोखरेलले स्थानीय तहको जिम्मेवारी सम्हालेयता कनकाई नगरपालिकाबाट कृषि तथा पशुपालनमा कृषकलाई ऊर्जा दिने किसिमका कार्यक्रमलाई अघि बढाएको बताउनुभयो।

नगरको विभिन्न वडामा रहेका कृषि समूह, व्यावसायिक तरकारी खेती गर्ने साथै सामूहिक खेती गर्ने कृषक र टोल विकास समितिबाट प्रतिनिधित्व गरेर आउने विभिन्न वडाका कृषक समूहलाई अनुदानमा स्प्रे ट्याङ्की वितरण गरिएको हो।

# सामुदायिक वनका सचिबमाथि दुर्व्यवहार

**इजलास** /दमक

सतासीधाम सामुदायिक बनका सचिव इन्द्र सापकोटामाथी झापाको झिलझिलेमा दुर्व्यवहार भएको छ। सार्वजनिक स्थानमा दुर्व्यवहार गरेको आरोपमा प्रहरीले शिवसताक्षी नगरपालिका वडा नम्बर ८ का धनवहादुर राईलाई नियन्त्रणमा लिएको छ। झिलझिले बजारको पुरानो सब्जी लाईनमा ६४ वर्षीय सापकोटामाथी स्थानीय चौतारी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष समेत रहेका राईले नशाका सुरुमा दुर्व्यवहार गरेको सामुदायिक बनका अध्यक्ष हेमवहादुर थापाले बताए। उनले भने, 'सार्वजनिक स्थानमा सामदायिक बनका सचिव सापकोटा माथि राईले मर्यादाको ख्यालै नगरी दुर्व्यवहार गरेका हुन्।'

सामुदायिक बनको सल्लाहकार समितिको गठनका विषयमा राईले अध्यक्ष थापालाई जिज्ञासा राखेका थिए। अध्यक्ष थापाले आफु दुई साता अघि मात्र निर्वाचित भएर अध्यक्षको पदबहाली गरेको बताउदै सामुदायिक बनको बिधानमा भएको व्यवस्था आफुलाई जानकारी नभएको बताएका थिए।

राई र म बीच बादबिवाद भएकै बेलामा सचिव सापकोटा आई पुगेपछि सचिवमाथि उनी आक्रोशित ढंगले खनिएको अध्यक्ष थापाले बताए। उनले बस भन्दै सचिव सापकोटालाई तानेको र उनी सवार मोटर साईकलको चावी खोसेको आफुले प्रत्यक्ष देखेको अध्यक्ष थापाले बताए।

उनले भने 'राईले आफु भन्दा करिव ३५ वर्ष जेठोको मर्यादाको ख्यालै नगरी सार्वजनिक स्थानमा दुर्व्यवहार गरेका हुन्।'

आरोपित राईमाथि कानुनी कार्वाहिका लागि २ वटा निवेदन इलाका प्रहरी कार्यालय झिलझिलेमा आएको प्रहरी निरीक्षक ध्रुवनारायण श्रेष्ठले बताए। पीडित र पीडक दुबै जना सहोदर छिमेकी भएको इलाका प्रहरी कार्यालय झिलझिलेले बताएको छ।

यता, पीडित सापकोटाले आफुमाथि दुर्व्यवहार मात्र नगरेर राईले कुटपिट गरेको बताएका छन्। 'उनी मातेका थिए।

मातेका मानिससँग विवाद गर्नु बेकार भन्दै म सवार हुने मोटरसाईकल लिएर हिड्न खोज्दा कठालोमा समातेर मोटर साईकलको चावि खोस्दै म माथि कुटपिट गरे,' उनले भने। 'कुटपिटका कारण कानमा समस्या आएपछि विर्तामोडको विएण्डसी अस्पतालमा म उपचार गराउदै छु।'

पीडित सापकोटाले ईलाका प्रहरी कार्यलय झिलझिलेमा दोषी राईलाई कानुनी कारवाहीका लागि निवेदन दिएका छन्। सामुदायिक बनले पनि सचिब माथि कुटपिट भएको भन्दै दोषी राईलाई कुटपिट र दुर्व्यवहार सम्बधीको कसुरमा कारवाही गर्न माग गरेको छ। यो कसुरमा पीडकलाई तीन वर्ष कैद वा ३० हजार जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था रहेको छ।

# ह्वीलचेयरबाटै मेची-महाकाली

रामबहादुर तामाङ गोलेले ह्वीलचेयरबाट मेचीदेखि महाकालीसम्मको यात्रा २६ दिनमा पूरा गरेका छन्। सो क्रममा उनले एक हजार २८ किमि यात्रा गरे।

उनले झापाको काँकडभिट्टास्थित मेची किनारबाट शुरू गरेको ह्वीलचेयर यात्रा ११ चैतमा पश्चिमी सीमा महाकाली पुगेर अन्त्य गरे। उनले ४२ दिनमा यात्रा सक्ने लक्ष्य राखेका थिए। तर, लक्ष्यभन्दा कम समयमा सकिएको भन्दै उनले खुशी व्यक्त गरे। सडक दुर्घटनामा परेर अपाङ्गता भएपछि उनी ह्वीलचेयरको सहारामा हिँडडुल गर्न थालेका थिए। उनले यसअघि पनि लामो दूरीको ह्वीलचेयर यात्रा गरेका थिए। उनले नमोबुद्धदेखि लुम्बिनीसम्म ३६६ किमि र लुम्बिनीदेखि भारतको बोधगयासम्म ५५३ किमि ह्वीलचेयर यात्रा गरेका थिए। गोले बुधबार कञ्चनपुर पुग्दा उनको भव्य स्वागत, सत्कार तथा अभिनन्दन भएको थियो। बिहीबार धनगढी विमानस्थलबाट विमानमा काठमाडौं फर्किनुअघि गोलेले भने, यात्राभरि हामीले धेरै स्नेह र माया पायौं। अहिले यात्रा पूरा हुँदा मन साह्रै आनन्दित भइरहेको छ।

## जग्गाको...

स्थानीय तहलाई पनि यस्तो किसिमको जग्गाको झुठो सिफारिस नगर्न नगराउन मन्त्रालयले विज्ञप्तीमार्फत नै स्पष्ठ पारेको छ। मन्त्रालयले यस्तो आग्रह गर्दागर्दै पनि यस्ता किसिमको गैरकानूनी काम र झुठो विवरण आधारमा सिफारीस गरेको पाइएमा कानुन बमोजिम कारवाही गर्ने पनि चेतावनी दिएको छ। दशकौं देखि देशमा विद्यमान भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या सधैका लागि समाधान गर्न सरकारले एक वर्ष अघि भूमि सम्बन्धी समस्या समाधान आयोग गठन गरेको हो। आयोगले भूमि सम्बन्धी ऐन, २०२१ (आठौं संशोधन २०७६) मा उल्लिखित बाहेक अन्य जग्गा १० वर्ष वा त्यस भन्दा अघि देखि आवाद कमोत गरिआएको आधारमा भूमि सम्बन्धी (अठारौं संशोधन) नियम, २०७७ मा उल्लेख भए बमोजिम उपलब्ध गराउने व्यवस्थित गर्ने प्रकृया शुरु गरिसकेको पनि मन्त्रालयले स्पष्ट पारेको छ।

## Shivasatakshi Municipality
office of municipal executive
province 01,Jhapa

### Invitation for Quotations

3rd Date of publication: 2077/12/13(2021/03/26)

1.The Shivasatakshi Municipality invites sealed quotations for the Following procurement of goods.

| Contract ID | Description | Eastimated Amount (with VAT) | Bid doc Fee | Bid Security Nrs | Remarks |
|---|---|---|---|---|---|
| SM/SQ/ 08/2077/78 | Supply and delivery of different sized Gabion Box | 967199.04 | 1000.00 | 24,500 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shivasatakshi Municipality, Byangdada,Jhapa Ph no 023-470323, dms.shivasatakshimun@gmail.com
3. A complete set of Bidding Documents may be purchased from the Shivasatakshi Municipality Byangdada,Jhapa by eligible Bidders on the submission
of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2077/12/19(2021/04/01) during office hours.
4. Sealed bids must be submitted to the office Shivasatakshi Municipality by hand or Courier on or before 12:oo noon on 2077/12/20(2021/04/02). Bids received after this deadline will be rejected.
5. The bid will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 ,2077/12/20 (2021/04/02) the office of Shivasatakshi Municipalit. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting as mention above which shall be valid for 30 days beyond the validity period of the bid
6. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Dharauti Khata a/c no. 0170010074844 on the behalf of Shivasatakshi Municipality at Mega Bank Nepal LTD ,Birtamod Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
or
Bidder who choose to submitt their bid security amount as Bid bond ,the bid bond should be issued from authorized and recognized commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. E copy of bid bond is mandatory.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and
Public procurement regulation 2064.
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative**

## बिर्तामोड नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा

### सूचना सूचना सूचना

कोभिड-१९ संक्रमणको सम्भावनालाई मध्यनजर गरि DCCMC (District Covid 19 Crisis Management Center) झापाको मितिः २०७७/१२/१० निर्णय बमोजिम तपशिल अनुसार गर्न गराउन हुन नगरबासीहरुमा बिर्तामोड नगरपालिका हार्दिक अनुरोध गर्दछ।

**तपशिल :**

१. कोभिड-१९ संक्रमणलाई मध्यनजर गर्दै नजिकिदै गरेको फागु पूर्णिमा (होली पर्व )मा भिडभाड नगर्न नगराउन हुन।
२. कोभिड-१९ संक्रमणको अवस्था समेत विचार गरि रात्रीकालिन समयमा सञ्चालन हुने व्यवसायको सन्दर्भमा वेलुका ९ बजेसम्म मात्र भिडभाड नहुने व्यवस्था मिलाई स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरि व्यवसाय सञ्चालन गर्न गरायनुहुन।
३. स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरि भिडभाडमा जाँदा मास्कको अनिवार्य प्रयोग गर्नुहुन।

गणेशप्रसाद दाहाल
प्रमुख प्रशाासकिय अधिकृत

## प्रदिप फार्मेसी छेउ
बिर्ता मेडिकल एण्ड डाइग्नोष्टिक सेन्टरमा उपलब्ध सेवाहरु
बिर्तामोड, झापा फोन नं. ०२३-५३३७९५, ९८५२६७७८२६

| | |
|---|---|
| डा. दिपेश पोखरेल<br>M.B.B.S, M.D<br>फिजिसियन तथा पेट रोग विशेषज्ञ<br>दैनिक सेवा<br>NMC No. 4680 | डा. रवि शाही<br>M.B.B.S, M.D,DM<br>बरिष्ठ मुटु रोग विशेषज्ञ<br>शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौं<br>प्रत्येक महिनाको तेस्रो शनिवार<br>NMC No. 7975 |
| डा. सि.वि झा<br>M.B.B.S, M.D(TU)<br>बरिष्ठ छाला, यौन तथा कुष्ठ रोग विशेषज्ञ तथा कस्मेटिक सर्जन<br>प्रत्येक शनिवार २ बजेपछि, विराटनगरबाट<br>NMC No. 5343 | डा. धर्मपाल राय<br>M.B.B.S, M.D(Ped.)KU<br>PGPN, Boston niversity(USA)<br>Training in Ped.Asthama (IAP)<br>NMC No. 5550<br>HOD,Dept of Pediartics & Neonatology<br>बरिष्ठ नवजात शिशु, बाल रोग तथा बाल पोषण बिशेषज्ञ |
| डा. रितेश थापा<br>M.B.B.S, M.D(TU)<br>बरिष्ठ मानसिक, नसा तथा टाउको रोग विशेषज्ञ<br>प्रत्येक महिनाको दोस्रो शुक्रवार<br>रिदम न्यूरो साइकेटीक हस्पिटल, काठमाडौँबाट<br>NMC No. 8778 | डा. ममता घिरैया राजवंशी<br>M.B.B.S, M.D(Gyonologist<br>बरिष्ठ महिला (स्त्री) तथा प्रसुती रोग बिशेषज्ञ<br>दैनिक सेवा<br>NMC No. 7438 |
| डा. प्रकाश कुमार श्रेष्ठ<br>M.B.B.S, M.D धरान घोपाबाट<br>हाड, जोर्नी, नसा बाथरोग बिशेषज्ञ<br>दैनिक सेवा<br>NMC No. 6930 | डा. आलोक भण्डारी<br>M.B.B.S(B desh) FSPI(जापान)<br>सिनियर नाक, कान, घाँटी तथा टाउको रोग बिशेषज्ञ<br>हरेक शनिवार र बुधवार(१० देखि ४ बजेसम्म)<br>NMC No. 2147 (विराटनगरबाट) |
| डा. राजमान डंगोल<br>M.B.B.S, M.D धरान घोपाबाट<br>सर्ज तथा पिसाब रोग बिशेषज्ञ<br>दैनिक सेवा दिनको १:३० बजेपछि<br>NMC No. 9112 | डा. केशव ढकाल<br>M.B.B.S, M.D<br>बरिष्ठ छाला, यौन तथा कुष्ठ रोग बिशेषज्ञ<br>दैनिक २ बजेदेखि ५ बजेसम्म<br>NMC No. 2910 |

*इसिजी साथै ल्याव सम्बन्धि सम्पूर्ण जाँच गरिन्छ।*

## बिर्ता (सेफ्टि तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पूर्वाञ्चलमै सबैभन्दा ठुलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**टाइम्स मिडिया नेटवर्क प्रा.लि.**द्वारा प्रकाशित तथा पोखरेल प्रिन्टिङ प्रेस, बिर्तामोडमा मुद्रित, कार्यालय बिर्तामोड-४, झापा। फोन : ०२३-५३५०२८ । emali : ijalaasdaily@gmail.com ।
**अध्यक्ष** : नारायणप्रसाद पोखरेल। लेआउट : छेत्रलाल राजवंशी ।। **कार्यालय प्रतिनिधि** : ९८५२६३५०२८। **सम्पादक** : प्रदीप परियार

## सम्पादकीय

# स्थानीय तह पुरस्कृतयोग्य हुनुपर्छ

**झापाको कनकाई नगरपालिका बुधबार काठमाडौंमा पुरस्कृत भयो। कनकाईको काम, कर्तव्यलाई मुल्याङ्कन गरेर नगरपालिका संघको वार्षिकोत्सवमा प्रधानमन्त्री केपी शर्मा ओलीले पुरस्कृत गरेका छन्। वित्तीय अनुशासन, राजश्व परिचान र पूर्वाधार विकासमा लगानी विधामा कनकाई देशभरमै उत्कृष्ट भएको छ। यसरी देशभरबाट चार वटा स्थानीय पुरस्कृत भए। स्थानीय तह संविधानले व्यवस्था गरेको संरचना हो। यसको स्थापनाले नागरिकको सेवामा सहज पहुँच भएको छ।**

**स्थानीय सरकार जनताको सबैभन्दा आवश्यक सरकार हो। जसका कारण गाउँगाउँमा सिंहदरवारको परिकल्पना गरिएको थियो। अहिले स्थानीय सरकारकै कारण विकासमा सहजता भएको छ। आम नागरिकले सबैजसो सेवा गाउँ मै पाउन थालेका छन्। संघीय नेपालको सवालमा शुरुआतमा विरोध भएको थियो। यसको औचित्यमाथि प्रश्न उठाइएको थियो। तर, यसले विस्तारै औचित्य पुष्टि गरिरहेको छ। आम नागरिकलाई सकेसम्म घरघरमै सेवा दिन पालिकहरु उद्दत छन्।**

**देरभर रहेका स्थानीय तह सबै जनहितमा काम गर्न सकिरहेका छैनन्। जसरी कनकाई नगरपालिकाले काम गरिरहेको छ। जनप्रतिनिधिले जनमत पाए बमोजिम काम गर्न नसकेका कयौं उदाहरण पनि छन्। झापाका १५ पालिकामध्ये १/२ बाहेक सबैजसो पालिका जनताको काममा रचनात्मक भइ क्रियाशिल छन्। यसैले मुलुकमै उत्कृष्ट भएर अन्य पालिकाले पनि पुरस्कृत हुने गरी काम गर्न जरी छ। जनताको निम्ति विना स्वार्थ काम गर्ने हो भने पुरस्कृत हुन समस्या छैन। आम नागरिकको जीवनमा परिवर्तन ल्याउने गरी विकास निर्माणसँगै अन्य काममा लाग्ने हो भने सबैका सामु पुरस्कृत योग्य हुनेछन्।**

# २० वर्षमा मैले देखेको साकोस अभियान



शिव अधिकारी

मेरो सहकारी प्रवेश २०५१ कार्तिक ३ भएता पनि २०५८ भाद्र ५ सम्म सिमित क्षेत्र र दायरा भित्र रहेर काम गर्ने अवसर मात्र मिलेको थियो। २०५८ भाद्र ६ गतेबाट २०७७ साउन २० गतेसम्म नेफ्स्कूनको फिल्ड कार्यक्रम अधिकृतदेखि का.मु प्रमुख कार्यकारी अधिकृत सम्मको जिम्मेवारी भित्र म रमाए।

नेफ्स्कूनले पहिलो पटक एशियाली ऋण महासंघ (आकू)को प्राविधिक सहयोगमा साकोसमा २०५८ सालदेखि चितवन र नवलपरासी जिल्लाबाट सहकारीमा लघुवित्त कार्यक्रम सञ्चालन गरेको र सो को राम्रो प्रभावकारिता रहेको हुँदा ५ वर्ष भित्र हामी २३ जिल्लाका अधिकांश साकोसहरु माँझ पुगि सकेको थियौं। यस कार्यक्रमको अधिकृतको नाताले तत् बखत बैदेशिक तालिमहरुमा सहभागिता जनाउने र स्वदेशका बिभिन्न जिल्लाका साकोसहरुमा अवलोकन गर्ने, लघुवित्त लगायत नेफ्स्कूनका कार्यक्रममा सहभागिता जनाउने प्रशस्त अवसर पनि मिलेको थियो। र ती अवसरहरुको भरमग्दुर उपयोग गरे।

तत् बखतलाई स्मरण गर्दा सदस्य संख्या न्यून रहेको औषत आधार लिदा ५०० जनाको आसपास, वासलात अधिकांशको एक करोड अन्दा पनि धेरै कम, सहकारी संस्था खोल्ने होडबाजी, सञ्चार सुविधा एकदमै पछाडी परेको (टेलिफोन समेत पिसिओको भर), अहिले पनि ताजा याद आउँछ। नेफ्स्कूनको साधारण सभा सरेको र सोको खबर गर्नुपर्ने त्यसैक्रममा डडेलधुराको एउटा संस्थालाई फोन गर्दा पिसिओले भोली १० बजे डाकिदिन्छु भने अनि उहाँले दिएको समयमा फोन गरे अध्यक्ष चटौंतजीलाई र साधारण सभा सरेको जानकारी गराउँदै थिए। उहाँले त मलाई कहिले थियो र सर पो भन्नुहुन्छ, अर्थात साधारण सभाको निमन्त्रणा चिठ्ठी उहाँको हातमानै परेको रहेन छ। अधिकांश साकोसहरुको कार्यालय कोठामा रहेको, केही साकोसहरु मात्र फ्ल्याट लिएर बस्न सफल भएका, घर नै भाडामा लिएर बसेको मैले त्यस्तो पाईन। तर, केही साकोसहरुको स-सानो आफ्नै घर थियो (नेफ्स्कनमा आवद्ध साकोसहरुमा भन्नु पर्दा सबैभन्दा पहिलो घर रामेछाप जिल्लाको बेतादी साकोसको थियो), कार्यालय व्यवस्थापनलाई हेर्ने हो भने सामान्य काठका फर्निचर, सामान्य कार्यकक्ष, थोरै कर्मचारी, न्यून पारिश्रमिकमा कर्मचारीको खटाई, तराई क्षेत्रमा पनि धेरै साकोसहरुको कार्यालयमा पंखा समेत नभएको, काठका सामान्य दराज टेबुल, फाईलिङ्ग र रेकर्डिङ पद्धति सामान्य रहेको, लेखा प्रणाली पूर्ण रुपमा म्यानुयलमा रहेको, केही सूचनाहरु लिनु पर्दा पनि धेरै समय लाग्ने अझ एउटै रमाई सामन्यतय पाहुनाहरु र आगान्तुक आएको बखत सामान्य चिया खुवाउने गरेको मलाई ताजा स्मरण छ।

विगत १०-१२ वर्षदेखि नेफ्स्कूनमा मेरो जिम्मेवारी केन्द्रमै रहने, केन्द्रको नै व्यवस्थापनलाई सहयोग गर्ने रहेको र अझ बिगत ५–७ वर्ष देखित अधिकृत र विभागीय प्रमुख समेतका कर्मचारी साथिहरुले जे भनेर रिपोटिङ गर्नुहुन्थ्यो त्यसमा नै मेरो पूर्ण विश्वास र त्यसैलाई मैले अधार मानेर कार्य गर्ने साथै बोल्ने समेत गरेको थिए।

अहिले नेफ्स्कूनबाट अवकास प्राप्त गरेको तर साकोस अभियानमा त झन् गाढा सम्बन्ध हुन पुगेको अनुभव गरेको छु। पुनः साकोस अभियानसँग आत्मियता साट्ने अवसर पाएको छु। २०७७ साउन २५ बाट हाल सम्मको करिब ७ महिनाको अवधिमा नेफ्स्कूनमा आवद्ध मात्र २०० भन्दा बढी साकोससँग प्रत्यक्ष साक्षत्कार गर्ने अवसर मिल्यो भने अप्रत्यक्ष रुपमा धेरै साकोससँग। अहिले आएर मैले साकोसमा यस्तो रहेको पाए जुन बिषयहरु यस्ता छन् की मलाई यो देख्दा सपना होकी विपना जस्तो महशुस भई रहेको छ। जस्तैः बुँदागत रुपमा भन्नुपर्दा सदस्यता संख्या अत्याधिक रहेको, व्यवस्थित कारोबार, ठूलो रकमको वासलात बनाउन सफल, नीति, विधि र प्रविधिलाई अंगिकार, विभिन्न नीतिहरु तयार गरी लागू गरेको अवस्था, बचत र ऋणमा विविधिकरण, सदस्यहरुको नेतृत्व विकास नेफ्स्कूनलाई आफ्नो मूलघरको रुपमा लिई सहकारीका स्थानिय निकायदेखि अन्य केन्द्रीय संघहरुमा र विभिन्न निकायहरुमा समेत समन्वय र संस्थाको कार्यालयको उचित व्यवस्थापन, आधुनिक प्रविधिको विकास, द्रुतदर सेवामा साकोस चिन्तित, कार्यालयका कार्यकक्षहरुमा राम्रो फर्निसिङ, सदस्य मैत्री, सिसि क्यमारा, एयर कन्डिसन लगायतका उपकरणहरुको उचित प्रबन्ध र व्यवस्थापन, कार्यालयमा सवारी साधानहरु रहेको, प्रशासनिक चुस्त दुरुस्त, कर्मचारीहरु ड्रेसमा अपडेट, सञ्चालकज्यूहरु पनि पदयी जिम्मेवार प्रति प्रष्ट हुनु भएको, व्यवस्थापन र नेतृत्व वर्गले नेफ्स्कून र अन्य निकायहरुबाट प्रशस्त तालिम पाएको नेफ्स्कूनका गुणस्तर कार्यक्रमले संस्थामा पारेको सकारात्मक प्रभावले गर्दा छिमेकी साकोसहरुमा पनि विस्तार भएको, एकीकरण अभियानलाई उच्च प्राथामिकता दिईएको, सदस्य सुरक्षण कार्यक्रम अन्तर्गत बिमा कार्यक्रम लगायतका कार्यक्रमहरु विस्तार गरिएको, साकोस एकरुपता प्रणलिलाई धेरै साकोसहरुले अंगिकार गरेको, साकोहरुले नयाँ नयाँ उत्पादन तथा सेवाको खोजिमा रहेको, नेफ्स्कूनका गाईडलाईनहरुलाई पूर्ण पालना गरिएको आदि रहेको देख्न पाए।

त्यति हुँदाहुँदै पनि नेफ्स्कूनबाट अझै दर्बिलो कार्यक्रमको अपेक्षा गरिएको साथै सहकारीमा लगाईएका विभिन्न नामको करमा नेफ्स्कूनले अझै थप पहल गरी करलाई न्यूनिकरण गर्नुपर्ने, नेफ्स्कूनका वस्तु तथा सेवाहरु गुण्स्तरियमा जोड दिनुपर्ने, साकोसहरु सँगको कार्यक्रमहरुमा शुल्कलाई कम गर्नुपर्ने जस्ता अवधारणा समेत राखोको पाँए, जुन जुन संस्थाले जे जति उन्नति र प्रगति गर्न सफल भएका छन त्यसको श्रेय मुख्य गरी नेफ्स्कूनलाईनै दिएका छन्।

अन्तत : गुण्स्तर प्राप्त अधिकांश साकोसहरुले बिना धितो ऋण दिएको छैनन, यसमा मेरो धारणा के रहेको छ भन्दा संस्थाले गर्ने ऋणको केही प्रतिशत एक निश्चित रकम तोकि छोटो अवधिको लागि बिना धितो ऋण दिनु उचित हुन्छ। किनभने सहकारी लघुवित्तको मस्कत पनि बचत र ऋण दुबैमा गरिव तथा न्यून आय र बिपन्न बर्गलाई बिशेष सुविधा दिनेनै रहेको छ। १४ वर्ष अघि ईण्डोनेशियाको बालीमा आयोजना भएको आकू फोरममा नेफ्स्कूनको प्र.का.अ को हैसियतबाट प्रमुख कार्यकारी अधिकृतहरुको गोष्ठीमा सहभागिता जनाउँदा एउटा देशका केन्द्रीय संघका प्र.का.अ ले उहाँको देशमा गरिबलाई पहिला ऋण दिने अनि त्यो ऋण रकमबाट सहकारीमा शेयर सदस्य बनाउने र बचेको रकमबाट सम्बन्धित सदस्यलाई आयआर्जन कार्यमा लगानी गर्न प्रेरणा दिने, अर्कोतर्फ गुण्स्तरका सूचाँकहरुमा पनि समय सापेक्ष परिवर्तन गर्दे जानुपर्ने देखन्छि। ब्राण्डिङको नाममा ती सूचाङ्कहरुले साकोसहरुको आन्तरिक तथा बाह्य क्षेत्रमा केही अलमल हुन गएको छ। नेफ्स्कूनले विगत ९ वर्षदेखि कार्यान्वयनमा ल्याएको राष्ट्रिय गोष्ठीहरुको अझ गुणस्तर रुपमा कार्यान्वयन गर्नुपर्ने साथै केन्द्रीय संघले सस्तो लोकप्रियता देखाउन नहुने र सदस्य सूचना प्रणाली, साकोस एकरुपता प्रणाली र स्थिरिकरणकोषको कार्यान्वयनमा बिशेष सक्रियता देखाउन पर्ने र कर्जा सुरक्षण कोषको स्थापनाका लागि समेत समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ।

केन्द्रीय संघले उपलब्ध गराउने सेवा तथा सुवधिा साथै केन्द्रीय संघमा रहने नेतृत्व र व्यवस्थापनको उच्च मूल्याङ्कन अभियानले नै अप्रत्यक्ष रुपबाट गरिरहेको हुँदा यस प्रति अझ सम्वेदनशिल हुँदै संघको गरिमा बढ्दै जानुपर्दछ। साकोस अभियानले जुन किसिमको छलाङ्ग मारेको छ यसले साच्चै नै हामिलाई अत्यन्तै गौरावन्ति बनाएको छ।

जय सहकारी !

# अग्निको राजीनामा : सेकाउन कि डढाउन ?



चेतन अधिकारी

०७४ साल फागुन ३ गते केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त भएपछि महान्याधिवक्ताको होलान् भनेर अनेक अड्कल बाजी भए। त्यसमा अग्नि खरेलको नाम पनि आयो। तर, कानुनमन्त्री भइसकेका व्यक्ति महान्यायधिवक्ताको पदमा को आउलान् भनेर धेरैको अड्कल बाजी थियो। तर, ति अड्कल र अनुमानलाई झुट सावित गर्दै खरेल २०७४ साल फागुन ८ गते सरकारको प्रमुख कानुनी सल्लाहकारको रुपमानियुक्त हुनुभयो।

त्यसपछि खरेलले लामो समयसम्म एउटै प्रश्नको उत्तर दिइरहनु पर्‍यो। त्यो प्रश्न थियो 'कानुनमन्त्री भइसकेको व्यक्ति मर्यादा क्रममा एक तह तल झरेर किन महान्यायधिवक्ता नियुक्तको जिम्मेवारमा किन जानुभयो ?' खरेलले सधैं उस्तै जवाफ फर्काउनुभयो 'प्रधानमन्त्रीले मलाइ सहयोग गर्नुपर्‍यो भनेपछि नाइभन्न सकिन।' मन्त्रीको मर्यादाक्रम ८ औं नम्बरमा छ भने महान्याधिवक्ताको ९औं नम्बरमा छ। मर्यादाक्रममा झरेर जिम्मेवारी लिने त्यसबेला खरेल पहिलो व्यक्ति हुनु हुन्थेन। पार्टीका नेता इश्वर पोखरेललाई हेरेर खरेलले चित बुझाउँदा हुन्थ्यो।

पूर्वउपप्रधानमन्त्री पोखरेल मन्त्रीको हैसियतमा रक्षा मन्त्रालय सम्हालिरहनु भएको थियो। नेकपा एमालेमा सुवासचन्द्र नेम्वाङको नेतृत्वमा कानुनविद्हरूको एउटा पंक्ती छ। त्यो पंक्तीको दोस्रो लहरमा खरेलको स्थान छ। यो पंक्तीमाकानुनका क्षेत्रमा धेरै अब्बल छ। तिमध्ये कैयौं जना खरेल मन्त्री भएकै बेला सर्वोच्च अदालतको न्यायाधीसमा नियुक्त भएका छन्। नेम्वाङ र खरेलको कानुनी तर्कका कारण एमालेले कयौं कानुनी लडाईंमा अरूलाई धेरैपछि पारेको छ। तर, यसपालि संसद विघटनको मुद्दामा सरकार पराजित भयो। त्यो पनि कानुनका सारथी खरेल महान्यधिवक्ता भएको समयमा। खरेलले इजलासमा कमजोर बहस गरेको भनेर धेरै आलोचना पनि भयो। त्यसबेला यस पंक्तिकारसँग उहाँले भन्नुभएको थियो, 'मेरो बहस एक्स्लेन्ट थियो। तर मुलधारका मिडियाहरूको प्रस्तुती कमजोर भयो। मैले कस्तो बहस गरे भन्ने कुराको पूर्णपाठ म उपलब्ध गराउन सक्छु।'

नेकपाको एकताले वैधानिकता नपाएर माओवादी अलग्गीएको, एमालेमा तीव्र विवाद जारी रहेको बेला खरेलको राजीनामा किन आयो भनेर आममानिसहरूले जिज्ञासा राखेका छन्। तर, खरेलको राजीनामा अप्रत्याशित होइन। खरेलले एक वर्ष अघिदेखि नै राजीनामा दिने



मनस्थिति बनाउनु भएको हो। 'संघीय संसदमा भूगोलबाट निर्वाचित भएर आउने चाहनाका कारण महान्याधिवक्ता पदबाट राजीनामा दिने उहाँको मनस्थिति बनेको हो,' खरेल निकट स्रोत भन्छ, 'निर्वाचनको मुखैमा पाहुना उम्मेद्वार बनेर जाँदा हुन सक्ने जोखिमलाई ध्यान दिएर खरेलले केही वर्ष पहिलेदेखि नै तयारी गर्न राजीनामा दिनु भएको हो।'

खरेलको राजीनामाका बारेमा यसअघि प्रशस्तहल्लाहरू चलेका थिए। आज पनि हल्ला मात्र हो कि भनेर संविधानसभाका अध्यक्ष सुवास नेम्वाङलाई मैले सम्पर्क गरें। नेम्वाङले कुटिल जवाफ दिनुभयो 'कुरा के हो भनेर मैले पनि अग्निलाई सोधें। आज १ बजे थाहा हुन्छ भन्नुहुन्छ। म पनि अलमलमै छु। बरु १ बजे उहाँको अफिस गएर तपाईंले नै मलाई पनि जानकारी गराउनु न।'

भूगोल नहुनुको पीडा

खरेलको पुर्ख्यौली घर झापाको गौरादह नगरपालिका-५ हो। आफ्नो थातथलो भएको निर्वाचन क्षेत्रका स्थानीय नेतासँग उहाँको राम्रो सम्बन्ध थिएन। संविधानसभाका दुवै निर्वाचनमा विजयी भएका दिपक कार्की र खरेलको आपसी असमझदारीले गौरादह र दमकका खानेपानी उपभोक्ता समिति, उद्योग वाणिज्य संघलगायतका सामाजिक संस्थामा एमाले निरन्तर पराजित भयो। स्थानीय तहको निर्वाचनमा गौरादहको मेयर पराजयको कारण उहाँहरूबीचको द्वन्द्व हो भनेर आममतदाताले अहिले पनि भनिरहेका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीको निर्वाचन क्षेत्र झापा-५ मा खरेलले आफूलाई उतराधिकारीको रूपमा उभ्याउन प्रयास गर्नुभएको थियो। २०७० सालमा दोस्रो पटक संविधानसभामा मनोनित भइसकेपछि खरेलले सुरु गरेको प्रयास २०७४ सालको निर्वाचनभन्दा केही समयअघि नै असफल भइसकेको थियो। आफ्नो पुर्ख्यौली भूगोलको साथ नपाउने भएपछि उहाँले ससुरालीभूगोल (झापा ४)बाट उम्मेद्वार हुने प्रयास गर्नुभयो। त्यहाँका प्रत्यासी एलपी साँवाले खरेलको प्रवेशलाई वर्जित गरेपछि त्यहाँबाट एक कदमपूर्व झापाको मूख्य सहर विर्तामोड (झापा क्षेत्र नं २ )मा खरेलको ध्यानगयो। तर, यतिबेलासम्म समय धेरै बितीसकेको थियो। त्यहाँ पवित्रा खरेलले संघीय संसदको उम्मेद्वार हुने दाबीबलियो बनाउनुभएको थियो। १५ कातिक २०७४ को राती एमालेले उम्मेद्वारको टुंगो लगाउदै गर्दा झापाको २ नं क्षेत्रको निर्णय हुन मुस्किल परिरहेको थियो। भैंसेपाटीस्थित वामदेव गौतमको घरमा भएको बैठकमा एमाले अध्यक्ष ओलीले खरेललाई उम्मेद्वार बनाउन धेरै प्रयास गर्नुभयो। माधव-झलनाथको अडानको कारण खरेलको उम्मेद्वारी त्यसबेला रोकियो।

त्यसपछि झापा-२ मा निरन्तर आफ्नो ध्यान केन्द्रित गरेका खरेलले त्यहाँका आम मानिसका दुई वटा ठूला सरोकारका विषयलाई टुंग्याएर आफ्नो पहिचान दिइसक्नु भएको छ। मोहनमाया मावि चारपानेको करिब २ विगाहाविवादस्पदजग्गा खरेलको पहलमा क्याविनेटबाट अधिगहण गर्ने निर्णय भयो। त्यो जग्गाअहिले स्कूलले उपभोग गर्न पाएको छ। अर्को, विर्तामोडको अनारमुनीदुर्गा गूठीको १२ विगाह जग्गा विभिन्न व्यक्तिले आफ्नो नाममा कायम गरेका थिए। त्यसमध्ये ३ विगाह जग्गा खरेलको पहलमा फिर्ता भइसकेको छ भने ९ विगाह जग्गा फिर्ता हुने क्रममा छ। यो जग्गामा डोमालाल रंगशाला निर्माण गरिएको छ।

खरेलको क्षेत्र नं २ प्रतिको लगावको सन्देश त्यहाँका मतदातासम्म पुगिसकेको छ। महान्याधिवक्ताबाट राजीनामा गरेपछि खरेलले धेरै समय झापामा नै बिताउने बताउनुभएको छ। त्यसका लागि उहाँले विर्तामोडमा 'डेराडण्डा'को प्रवन्ध गरिसक्नुभएको छ। 'केही समयपछि खरेल विर्तामोड नगरपालिकाका स्थायी बासिन्दा हुनुहुनेछ,' झापा एमालेका एक नेताले भन्नुभयो। खरेलको झापा आगमनलाई प्रधानमन्त्रीको ओलीको उतराधिकारी नेताको रुपमा हेरिएको छ। २०४८ साल देखि निरन्तर प्रधानमन्त्री केपी शर्मा ओलीको छत्रछाँयामा रहेका झापाका एमालेहरुले उहाँको उतराधिकारीको खोजी गरिरहेका थिए। उहाँले झापाको एमालेलाई एकतावद्ध गरेर अघि बढाउन सक्नुभयो भने ओलीको विरासत थामिनेछ छ। र, झापाको भूगोलबाट एमालेको केन्द्रीय राजनीतिमा नयाँ अनुहारको उदय हुनेछ। अन्यथा भूगोलको 'धुलोमैलो' नगरी पटकपटक राजकीय जिम्मेवारी प्राप्त गरेका खरेललाई झापाको भूगोलले रित्तै काठमाडौं फर्काउनेछ।

झापामा खरेलका चुनौती

पार्टीका समकक्षी नेताहरू दिपक कार्की, देवेन्द्र दाहाल, देवराज घिमिरेसँग खरेलको सुमधुर सम्बन्ध छैन। उहाँहरूपछिका नेता हिक्मत कार्की, एलपी साँवा लिम्बूसँग पनि खरेलको औपचारिक सम्बन्ध मात्रै छ। झापाको क्षेत्र नं २ मा प्रदेश नं १ का अध्यक्ष देवराज घिमिरे,प्रदेश सांसद एकराज कार्की, पार्टीका जिल्ला अध्यक्ष चिन्तन पाठक लगायतले पनि प्रत्यक्षअप्रत्यक्ष रूपमा संघीय सांसदको दाबेदारी प्रस्तुत गरिरहनुभएको छ। त्यस क्षेत्रबाट आफू चुनिएर आउनका लागि अरू नेताको व्यवस्थापन कसरी गर्ने भन्ने चुनौती एमालेका पोलिटव्यूरो सदस्य खरेललाई छ।

सत्ता राजनीतिमा विपक्षी नेतालाई पनि आफ्नो पक्षमा प्रस्ताव गर्न लाउन सक्ने क्षमता भएका राजनीतिक खेलाडी खरेललाई भूगोलको राजनीतिमा आफ्नैहरूले प्रस्ताव गर्लान् नगर्लान् ? खरेल विर्तामोडका स्थायी बासिन्दा हुनुअघि नै यो कुराको निक्र्यौल हुनेछ। जिल्लाका एक जना एमाले नेताको भनाइ छ, 'छँदाखाँदाको महान्यायधिवक्ता पदबाट र राजीनामा दिएर अग्नीले झापाको एमालेलाई डढाउने हुन् कि न्यानो दिने हुन्। तर म विश्वस्त छु यसपालि अग्निले एमालेलाई न्यानो दिने छन्।'

# व्यवसायमा सफल हुन पालना गर्नुपर्ने वास्तु



डा. बासुदेव कृष्ण शास्त्री

व्यवसायिक उन्नतिका लागि कार्यालय, व्यवसाय जगतमा स्थापित वास्तुसम्मत नियमहरुको पालना गरी व्यापारमा सुख शान्ति र समृद्धि प्राप्त गर्न सकिन्छ।

व्यवसायिक प्रतिष्ठान बनाउँदा कर्पोरेट वास्तुअनुसार निर्माण गरेमा व्यापारिक सफलता प्राप्त हुन्छ। कर्पोरेट वास्तुअनुसार अफिसमा कुन र कस्तो खालको वास्तु प्रयोग गर्ने सम्बन्धमा हामी चर्चा गर्न गइरहेका छौं।

दक्षिण-पूर्वमा भान्छाकोठा बनाउन उपयुक्त हुन्छ। उत्तर-पूर्वमा पानीको स्रोत इनार, पानीको ट्यांकी, धारा बनाउन राम्रो हुन्छ।

दक्षिण-पश्चिम दिशामा मूल व्यक्तिको विचार परामर्श क्षेत्र वा मुख्य व्यक्तिको बस्ने ठाउँ वा कम्पनीका कार्यकारी अध्यक्ष तथा प्रबन्ध निर्देशकका लागि कोठा बनाउन सकिन्छ।

पूर्व या उत्तर फर्केर कार्यकारी अध्यक्ष वा सिइओ बसे भने सबै किसिमका सुखसमृद्धि प्राप्त हुन्छ। आरा मगर्ने कोठा पनि पश्चिमपट्टी बनाउन सकिन्छ। सौचारय पूर्व या पश्चिम फर्केर बस्नु हुँदैन। छतमा पानीको ट्यांकी पश्चिमपट्टि राख्दा शुभ रहन्छ। व्यापारको प्रकृति हेरेर सामाग्रीहरु भण्डारण गर्ने स्थान उत्तरपट्टि वायव्य कोण शुभ मानिन्छ।

कार्यालयको बनावट

कार्यालयभित्र सिलाइ मेसिन, दराज तथा भारी सामानहरु कोठाको दक्षिणतर्फ राख्नुपछ्र्।

बैठक कोठाको सोफा ईशान कोणमा राख्नु हुँदैन। भायुक्त प्राविधिक सामानहरु घर वा अफिसको उत्तरपूर्व इशान कोणमा राख्नु हुँदैन।

खाना खाँदा उत्तर, पश्चिम वा पूर्व फर्केर बस्नुपर्छ। सामूहिक स्थितिमा सबैतिर फर्केर खान सकिन्छ।

गाडी पार्किङ दक्षिण या पश्चिमतर्फ गर्नुपर्छ। अग्ला रुख अफिसको दक्षिण या पश्चिममा लगानुपर्छ। घर, पसल, व्यापारिक कम्पलेक्स किन्नु या बनाउनुपूर्व त्यसको चारैतिरको बनावट, वातावरण र ढाँचा अवलोकन गर्नुपर्छ। छेउछाउमा होहल्ला तथा फोहोर हुनुहुँदैन।

भूमिको नजिक स्मशानघाट, ढल, वर्कसप नभएमा राम्रो मानिन्छ।

बिजुलीको खम्बा, ट्रान्समिटर, भूमिको कुनै पनि परिधिमा हुनुहुँदैन।

गोदाम भवन वायव्य कोणमा बनाउनु पर्छ।

सुरक्षा गार्डको आवास या बस्ने कोठा आग्नेय कोणमा बनाउनु पर्छ।

रिसेप्सन, मन्दिर एवं पुजागृह इशान कोणमा बनाउनु पर्छ।

फ्याक्ट्रीको नजिकै मन्दिर बनाउने हो भने मन्दिरको साइज फ्याक्ट्रीभन्दा सानो हुनुपर्छ। साथै, इशानमा मन्दिरको साइजको पाँच गुण भूमि खाली राख्नुपर्छ।

व्यवसायिक भवनको नैऋत्य कोण अग्लो र इशान कोण होचो हुनुपर्छ।

कर्मचारी आवास पश्चिमतर्फ बनाउनु पर्छ।

सेफ्टी ट्यांकी पश्चिम दिशामा बनाउनु पर्छ।

कच्चा सामाग्री दक्षिणपूर्वी दिशामा राख्नु हुँदैन।

मुख्य सभाकक्ष उत्तर या वायव्य कोणमा बनाउनु पर्छ।

सभाकक्षको पूर्वतिरको भाग लामो हुनुपर्छ।

चौकिदार या सुरक्षाकर्मीको कोठा आग्नेय कोणमा बनाउन सम्भवन नभएमा उत्तरतर्फ फर्काएर पश्चिमपट्टि व पूर्वतर्फ फर्काएर दक्षिपट्टि बनाउनु पर्छ।

वायव्य कोणमा सुरक्षाकर्मीको कोठा बनाएर अग्निभय र चोरभय हुन सक्छ।

कुनै पनि संस्था वा व्यापरिक केन्द्रका प्रमुख व्यक्ति वा अध्यक्षको कार्यालय नैऋत्यकोणमा बनाउनु पर्छ।

कुनै पनि संस्थान वा व्यापारिक केन्द्रको अर्थ प्रशासन हेर्नेहरुको लागि नैऋत्य कोण या उत्तरपट्टि अथवान ईशान कोणमा बनाउनु पर्छ।

बजार प्रतिनिधि, अस्थायी कर्मचारी, सहयोगी कामदारका कार्यालय वा अस्थाई बसाइका लागि वाव्य कोणमा उपयुक्त हुन्छ।

स्वागत र पुजा कोठाका लागि सर्वाधिक उत्तम कोण इशान मानिन्छ। तर, प्र्याप्त खाली स्थान हुनु आवश्यक छ। ढुकुटी इशान वा पूर्वी भागमा राख्नु पर्छ।

कतिपय उद्योगधन्दा वा फ्याक्ट्रीका लागि प्रयोग हुने कच्चा पदार्थ अग्नीजन्य भए आग्नेय कोणमा, माटोजन्य भए पूर्वमा, पानीजन्य भए उत्तर वा पश्चिममा, फलामजन्य भए दक्षि र कागज वा रुवाजन्य पदार्थ वा बहुमूल्य रत्नहरु भए उत्तर कोणमा राख्नुपर्छ।

कार्यकारी प्रमुख अफिसमा बस्दा उत्तर या पूर्व फर्किएर बस्नुपर्छ।

# असुरक्षित गर्भपतनका जटिलताहरू



डा. निर्मला शर्मा
स्त्री तथा प्रसुती रोग विशेषज्ञ

गर्भपतन आजको समयमा महत्वपूर्ण विषय हो। तर, अझै पनि धेरैमा यसबारे जानकारी छैन। सामान्यतयाः गर्भ रहेको केही समयपश्चात महिलाले आफ्नो स्वेच्छामा गर्भमा रहेको शिशु फाल्नुलाई गर्भपतन भनिन्छ। नेपालमा १२ हप्तासम्मको गर्भपतन गराउन सकिने कानुनी व्यवस्था छ। हाडनाता करणी, बच्चा र आमाको ज्यान जान सक्ने खतरा तथा विशेष परिस्थितिमा भने १८ हप्तासम्मको गर्भपतन पनि गर्न सकिने व्यवस्था छ। औषधीको सेवन र औजारको प्रयोगबाट गर्भपतन गराइन्छ। तर, अनुभवी चिकित्सकबाट गर्भपतन नगराउँदा महिलाको स्वास्थ्यमा प्रतिकूल असर पर्ने गर्छ। स्वास्थ्य संस्थामा गएर अनुभवी चिकित्सकद्वारा गर्भपतन गराएमा खासै असर पर्दैन। तर, समाजमा बेइज्जत हुने डर, अनिच्छित गर्भधारण आदि विभिन्न कारणले गर्दा धेरैले असुरक्षित गर्भपतन गराउँछन्। खासगरी, अनिच्छित गर्भपतन गराउने अविवाहित महिलाको संख्या धेरै पाइन्छ।

जटिलता धेरै

औषधी प्रयोग गरेर गर्भपतन गराउँदा गर्भ रहेको समय कति पुगेको छ त्यो हेर्नु आवश्यक हुन्छ। गर्भपतन गराउँदा आमाको स्वास्थ्य अवस्था कस्तो छ, पहिले कति बच्चा जन्माएको छ। शल्यक्रिया गरेको हो कि होइन, पाठेघरको अवस्था के छ भनेर हेर्नुपर्दछ। जथाभावी औषधीको प्रयोगले असरहरु केही पनि थाहा हुँदैन्। सेवा प्रदायक कहाँ गयो भने सबै कुरा सम्झाएर पठाउने गर्दछ। औषधीको प्रयोगले सामान्य असरदेखि जटिल असर समेत हुने गर्दछ। कसैलाई रक्तस्राव धेरै हुने समस्या देखा पर्दछ। औषधीको सेवनपछि बान्ता आउने झाडापखाला हुने, टाउको दुख्ने, रिंगटा लाग्ने हुन्छ।

गर्भपतन पूर्ण रूपमा नहुनु

औषधी पसलबाट किनेका विभिन्न औषधीको आफूखुसी प्रयोग र अनुभव नभएका व्यक्तिबाट गर्भपतन गराउँदा गर्भ पूर्ण रूपमा नजान सक्छ। पूर्ण रुपमा गर्भपतन नभएर केही अंश पाठेघरमै रहने र पाठेघरमा संक्रमण हुने सम्भावना हुन्छ। पाठेघरको संक्रमण पाठेघरमा मात्र सिमित नभई रगतमा पनि फैलिन सक्छ। त्यसले गर्दा शरीरका महत्वपूर्ण अंग जस्तैः मिर्गौला समेत असर गर्ने हुन्छ।

अत्याधिक रक्तस्राव

कतिपयले मेडिकलबाट औषधी किनेर सिधै प्रयोगमा ल्याउने गर्छन्। यस्तो अवस्थामा स्वास्थ्य अवस्थाबारे कुनै जानकारी नहुने हुँदा स्वास्थ्यमा विभिन्न असर पर्छन। अत्याधिक रक्तस्रावले ज्वरो आउने, बेहोस हुने, शरीरमा रगतको कमी हुने र रगतमा हेमोग्लोबीन र आइरनको कमी हुने गर्छ।

पाठेघरको संक्रमण

खासगरी औजारको प्रयोगबाट गरिएको गर्भपतनमा पाठेघरमा चोट लाग्ने, घाउ हुने वा पाठेघर फुट्न सक्ने जोखिम रहन्छ। यसले विभिन्न संक्रमण हुन सक्छ। जसकारण सेतो पानी बग्ने समस्या समेत हुन्छ। कतिपय अवस्थामा पछि गएर बाँझोपनको समस्या पनि हुने गर्छ। सुरक्षित तरिकाले गर्भपतन नगराउँदा ज्यान पनि जान सक्छ। तसर्थ, गर्भपतन गराउँदा सरकारद्वारा मान्यताप्राप्त स्वास्थ्य संस्था र अनुभवी चिकित्सकको पूर्ण निगरानीमा मात्र गराउनुपर्छ।

# भारतमा एकैदिन ५३ हजार बढी कोरोना संक्रमित थपिए

एजेन्सी। भारतमा कोरोना भाइरसको महामारीले पुन त्रास फैलाएको छ। बितेको २४ घण्टामा देशभर ५३ हजार भन्दा बढी कोरोना भाइरसका नयाँ संक्रमित फेला परेका छन्। पाँच महिनाको अवधिमा भारतमा बुधबार एकैदिन ५० हजार बढी संक्रमित फेला परेका हुन्। केन्द्रीय स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा देशभर ५३ हजार ४७६ नयाँ संक्रमित फेला परेका छन्। २ सय ५१ जनाको मृत्यु भएको छ।



साथै २६ हजार ४९० जनाले कोरोना जितेका छन्। भारतमा हालसम्म १ करोड १७ लाख ८७ हजार ५३४ जना कोरोनाबाट संक्रमित भएका छन्। अहिले एक्टिभ संक्रमितको संख्या ३ लाख ९५ हजार १९२ जना रहेको छ। भारतमा हालसम्म कोरोनाका कारण १ लाख ६० हजार ६९२ जनाको मृत्यु भैसकेको छ। भारतमा हालसम्म ५ करोड ३१ लाख ४५ हजार ७०९ जनाले कोरोना खोप लगाइसकेका छन्। होलीको मुखमा फैलिएको कोरोना महामारीका कारण सरकार चिन्तित देखिएको छ।

# दोहोरो अंकले घट्यो सेयर बजार

काठमाडौं। साताको अन्तिम कारोबार बिहीबार सेयर बजारमा दोहोरो अंकको गिरावगट आएको छ। सेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अंकले घटे पनि कारोबार रकम भने बुधबार भन्दा सुधारियो।

समग्रमा बजार घटे पनि नेपाल स्टक एक्सचेञ्जमा कारोबार हुने व्यापार, होटल तथा पर्यटन र लगानी समूहको सव इन्डेक्स भने बढेको छ। बिहीबार धेरै बढ्नेको शिर्ष स्थानमा चन्द्रागिरी हिल्स लिमिटेड देखिएको छ।

यसको सेयर मूल्य बिहीबार १० प्रतिशतले बढेर २ हजार ७९ रुपैयाँ पुगेको छ।

बिहीबार सेयर कारोबार मापक नेप्से परिसूचक २१ दशमलव २९ अंकले घटेर २ हजार ५ सय ४८ दशमलव ९७ अंकमा झरेको छ। ‘क’ वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेसक्स पनि ५ दशमलव ५७ अंकले घटेको छ। दिनभर भएका ७२ हजार ३३४ कारोबारबाट २०८ कम्पनीका १ करोड २१ लाख ३४ हजार ३५७ कित्ता सेयर किनबेच भएका छन्। जसबाट कारोबार रकम ६ अर्ब ५० करोड ८ लाख ६ हजार ४० रुपैयाँ पुगेको नेप्सेले जनाएको छ।

३ समूहले कमाए, अरुले गुमाए

बिहीबार बजार घटे पनि होटल तथा पर्यटन समूहको सबइन्डेक्स ४ दशमलव ४५ प्रतिशत अर्थात १ सय ५४ दशमलव ०७ अंकले बढेको छ।

दोस्रोमा व्यावार समूह ३ दशमलव ९४ प्रतिशत अर्थात १ सय ७४ दशमलव ८८ अंक र लगानी समूह १.४ प्रतिथशत अर्थात १.४३ अंकले बढेको छ। घट्नेहरुको अग्रस्थानमा नै हाइड्रोपावर समूह देखिएको छ।

जसको सबइन्डेक्स ४७ दशमलव २६ अंकले घटेको छ। घट्नेको अगाडि नै बैंकिङ समूह पनि देखिएको छ। यो समूह १.१५ प्रतिशतले घटेको छ।

## वर्गीकृत विज्ञापन

**माता पाथीभरा इलेक्ट्रिकल**
क.न.पा.३,सुरुङा नयाँ बजार
यहाँ इलेक्ट्रोनिकका सामान उचित मुल्यमा पाइन्छ।
साथै,दक्ष प्राविधिकद्धारा घर वायरिङ गरिन्छ।
प्रो.उत्सव बाँस्तोला ९८१५०६६१४६

**राष्ट्रिय बाजा चाहिएमा सम्पर्क गर्नुहोस् ।**
९८०८९९४५८६
बिर्तामोड,झापा

**घर भाडामा चाहिएमा**
बिर्तामोड क्षेत्रमा घर भाडामा चाहिए सम्पर्क गर्नुहोस्।
सम्पर्क : ९८१४००३१४९




**साझा सेफ्टी ट्याङ्की तथा ढल सफाई**
झापामै पहिलो पटक भ्याकुम सिस्टमको ठुलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क : ९८२४९८११७४,९८६२६४८२८२
९८०६०८३८७६,९८४४६४७०६७

**हिजोको सुनचाँदी**
छापावाला सुन :८६९००
तेजावी सुन : ८६४५०
चाँदीः १२३०
स्रोतः नेपाल सुनचाँदी व्यवसाय महासंघ




**सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
अत्याधुनिक ट्र्भो (Trabo) प्रविधि सिस्टमको ठुलो ट्यांकीबाट सस्तोमा दुर्गन्ध रहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
सम्पर्क : ०२३-५५०६२०, ९८४२६५५७००
९८०४९३८१००,९८०७९३०७४०,९८१७९२९३९४
‘चट्ट फोन झट्ट सेवा’

**कुशल आर्ट, विर्तामोड,झापा**
यहाँ मार्वल, शिलालेख,स्टिकर नम्बर प्लेट,ब्यानर,साइन वोर्ड लेख्नु परेमा हामीलाई सम्झनुहोस्।
९८०६०७०८१०

**असोक पत्रपत्रिका सेन्टर,**
एउटा छानामुनी मिठो कफि चिया नास्ताको पनि ब्यवस्था छ। दहि , दुध , ध्युको पनि ब्यवस्था छ।
०२३ - ५४४३३८

## तपाईको आज

**मेष** : हतारको निर्णयले काम रोकिन सक्छ।
**बृष** : प्रतिस्पर्धीलाई कमजोर नठान्नुहोला।
**मिथुन** : विचारले धेरैलाई आकर्षण गर्ने समय छ।
**कर्कट** : रचनात्मक काम प्रारम्भ गर्ने समय छ।
**सिंह** : बेसुरमा खर्च गर्ने बानीले समस्या निम्त्याउनेछ।
**कन्या** : व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ।
**तुला** : मिहिनेत गर्दा काम प्रारम्भ हुनेछ।
**बृश्चिक** : सामाजिक काममा रुचि बढ्नेछ।
**धनु** : खानपानको असावधानीले स्वास्थ्यलाई हानि गर्न सक्छ।
**मकर** : घुमफिर तथा मनोरञ्जनको समय छ।
**कुम्भ** : मिहिनेतीहरूका लागि भने समय उत्साहजनक नै रहनेछ।
**मीन** : मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ।